कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

प.सं.२०८२।०८३
च.नं.

मितिः-२०८२।०८।११

## आ.व २०८३/८४ मा कार्यान्वयन हुने आयोजनाका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०८/११)

प्रस्तुत विषयमा कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ तथा कर्णाली प्रदेश आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड (संशोधन सहित),२०८१ मा भएको व्यवस्था बमोजिम यस कार्यालयबाट आगामी आ.व. २०८३/८४ मा कार्यान्वयन हुने आयोजनाको लागि प्रस्ताव पेस गर्नुहुन, प्रदेश सभा सदस्य ज्यूहरु, सल्यान जिल्लाका १० वटै स्थानीय तह तथा सरोकारवाला (आयोजनासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय लाभग्राही समूह, सार्वजनिक संस्था तथा सामूदायिक संघ संस्था) सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आयोजना प्रस्ताव पेस गर्दा अन्य निकाय/स्रोतबाट कार्यान्वयन गर्ने विकास आयोजना, हाल सञ्चालनमा रहेका विकास आयोजना र यस कार्यालयको विषयक्षेत्र भित्रका (अनुसूची-१ मा उल्लेखित) आयोजना बैङ्क सूचना प्रणालीमा यस अघि प्रविष्ट आयोजनासँग दोहोरो नपर्ने गरी कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ को अनुसूचि-१ मा उल्लिखित विषय क्षेत्रको आधारमा रही अनुसूचि-२ बमोजिमको ढाँचामा मिति २०८२/०८/२९ गते भित्रमा यस कार्यालयमा पेस गर्नुपर्ने छ ।यस सम्बन्धी आवश्यक कार्यविधि तथा फाराम कार्यालयको वेबसाईट sdosalyan.gov.np वा कर्णाली प्रदेश योजना आयोगको वेबसाईट kppc.karnali.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

**पुनश्चः** अन्य कागजात तथा प्रक्रिया कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनौट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि,२०८२ अनुसार हुनेछ ।

..........................
पहलमान वली
शाखा अधिकृत

पहलमान वली
शाखा अधिकृत